# कोटही महिला सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ४, बर्दिया

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/२७ गते बुधबार**

**सच्चाईएको सूचना प्रकाशन मितिः २०८३/०३/०४ गते बिहिबार**

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ५३०७ मिति २०८३/०२/२६ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **नागरिक राष्ट्रिय** दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समयभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आह्वान गरिन्छ।

तपसिलः-

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BA/13/21-a01-01-2083/02/27-p | समूहको घाटगद्धीमा | १ देखि ५ सम्म | १ | साल | बि | १३ | ५२.२७ | ९०० | ४७०४३.० | २३५२०७.० | |
| | | | २ | साल | सि | ८ | ५१.९३ | ६०० | ३११५८.० | | |
| | | | ३ | साल | डि | १ | १२.९३ | ३०० | ३८७९.० | | |
| | | | ४ | जामुन | सि | ५ | १२.५८ | १०० | १२५८.० | | |
| | | | ५ | अस्ना | ए | १८ | ३५८.२३ | ४०० | १४३२९२.० | | |
| | | | ६ | अस्ना | बि | १६ | १३२.७२ | ३०० | ३९८१६.० | | |
| | | | ७ | अस्ना | सि | ३१ | १४९.६२ | १०० | १४९६२.० | | |
| | | | ८ | खयर | N | २८२ | १५३.०९ | १००० | १५३०९०.० | | |
| | | | ९ | कर्मा | ए | १३ | २३४.२३ | ४०० | ९३६९२.० | | |
| | | | १० | कर्मा | बि | २९ | ३३७.९ | ३०० | १०१३३७.० | | |
| | | | ११ | कर्मा | सि | ७१ | २९०.०१ | १०० | २९००१.० | | |
| | | | १२ | बाँझी | N | १३ | ७१.८२ | १०० | ७१८२.० | | |
| | | | १३ | तेन्दु | N | ३ | १९.५२ | १०० | १९५२.० | | |
| | | | १४ | कुसुम | N | १७ | १०९.५८ | १०० | १०९५८.० | | |
| जम्मा | | | | | | ४२० | १९८६.३२ | | ६७८६२०.० | २३५२०७.० | |
| BA/13/21-a01-02-2083/02/27-p | समूहको घाटगद्धीमा | साल अन्य मिश्रित दाउरा (२०'x५'x५' को) १.०० चट्टा | | | | | | १२००० | १२०००.० | ६७२००.० | |
| | | अन्य जातको दाउरा (२०'x५'x५' को) ७.०० चट्टा | | | | | | ४००० | २८०००.० | | |
| जम्मा | | | | | | | | | ७१८६२०.० | ३०२४०७.० | |

शर्त तथा नियमहरु:

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०३/१६ गते मंगलबार ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०३/१७ गते बुधबार ख) समयः मध्यान्ह २:०० सम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०३/१८ गते बिहीबार ख) समयः मध्यान्ह ३:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०२/२७ गते बुधबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र खरिद गरी २२ औं दिनको अपरान्ह २ बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा नेपाल बैङ्क लिमिटेड, गुलरिया, बर्दियामा रहेको खाता नं. २४०००१००८१३०६००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगढी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेखु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगढी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

आज मिति २०८३।३।३ गतेका दिन यस मधुवन न.पा- ३ गमकलामा रहेको यस श्री कोतहि महिला सा.व.उ.स. को अध्यक्ष श्री सविता चौधरीको अध्यक्षतामा बैठक बसी तपशिल बमोजिम का निर्णयहरु माथि छलफल गरियो।

तपशिल

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | सविता चौधरी | सविता |
| २ | कोषाध्यक्ष | खुन्नुरीया थारु | खुन्नुरीया |
| ३ | उपाध्यक्ष | शोभा देवी पौडेल | शोभा |
| ४ | सचिव | सरला थारु | सरला |
| ५ | सहसचिव | विपना थारु | विपना |
| ६ | सदस्य | दरानी थारु | दरानी |
| ७ | सदस्य | शोभा थारु | शोभा |
| ८ | " | पुष्पा थारु | पुष्पा |
| ९ | " | पवित्रा परियार | पवित्रा |
| १० | " | उर्मिला थारु | उर्मिला |
| ११ | " | शान्ती थारु | शान्ती |

सल्लाहकारहरु

| | | | |
|---|---|---|---|
| १ | संयोजक | सन्तराम थारु | सन्तराम |
| २ | सदस्य | रामलोचन थारु | रामलोचन |
| ३ | " | तिकाराम थारु | |
| ४ | " | चतुर पौडेल | चतुर |
| ५ | " | फुलराम थारु | फुलराम |

प्रस्ताव नं १:- सच्याईएको वेभसाईटमा अपलोड गर्ने सम्बन्धमा।

प्रस्ताव नं.१ निर्णय नं.१ माथी छलफल तथा सरसल्लाह गर्दा यस सा.व.उ.स. ले डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ५३०६ मिति २०८३/०२/२६ गतेको लिलाम सहमति पत्र अनुसार यस समुहबाट मिति २०८३/०२/२६ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा

पहिलो पटक काठ / दाउराको लिलाम बिक्री सम्बन्धी विस्तृत सुचनामा काठ / दाउराको संकलन खर्चको रकम फरक परेको हुदा, उक्त फरक परेको विस्तृत सुचना सच्याई वेभसाईटमा अपलोड गर्नको लागी डिभिजन वन कार्यालय, बर्दियालाई अनुरोध गर्ने भनि निर्णय पारित गरियो ।

शान्ती

पवित्रा  भावना  विपना  सन्तराम

खन्तुरीया

सावित्री  सरला  उर्मिला  पुष्पा

रामलौटन  फूलराम